# राप्ती सोनारी गाउँपालिकाको गाउँ सभामा

## उपाध्यक्ष श्री धनी कुमारी खत्रीज्यूद्वारा प्रस्तुत

### आ.व २०७४/०७५ को

# वार्षिक नीति तथा कार्यक्रम

# राप्ती सोनारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## कचनापुर, बाँके

## ५नं. प्रदेश ,नेपाल

**"व्यवसायिक कृषि, ग्रामीण पर्यटन तथा दिगो पूर्वाधार विकासमा सबैको एकता : समृद्ध राप्ती सोनारी गाउँपालिका हाम्रो प्रतिबद्धता ॥"**

**सभाध्यक्ष महोदय एवम् गाउँसभाका सदस्यज्यहरु,**

नेपालको संविधान अनुरुप स्थानीय तह गठन भएपछिको पहिलो यस सम्मानित गाउँसभामा राप्ती सोनारी गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मैले आफूलाई अत्यन्त गौरवान्वित महसुस गरेको छु । यस अवसरमा म गणतन्त्र, संघीयता र सामाजिक न्याय सहितको लोकतान्त्रिक व्यवस्था स्थापनार्थ सहादत प्राप्त गर्ने सहिदहरुको बलिदानी प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै यही श्रावण २७ गते आएको भीषण वर्षाले ल्याएको बाढीबाट हाम्रो गाउँपालिका क्षेत्रमा जनधनको निकै ठुलो क्षति भएको अवस्था बीच आज हामी पहिलो गाउँसभा गर्न गइरहेका छौं, म यस प्राकृतिक प्रकोपमा परी दुखद रुपमा मृत्युबरण गर्ने बालबालिकाहरु प्रति श्रद्धाञ्जली प्रकट गर्दै बाढी प्रभावित विस्थापित परिवारहरुको उचित व्यवस्थापनका लागी गाउँपालिकाको तर्फबाट यथासक्य पहल गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

विगत पन्ध्र वर्षदेखि जनप्रतिनिधी विहिन रहेका स्थानीय निकायलाई संविधान अनुरुप पुर्नसंरचना गरी प्रदेश न.२ बाहेक अन्य ६ वटै प्रदेशका गाउँपालिका र नगरपालिकाहरुको निर्वाचन अत्यन्त उत्साहपूर्ण माहोलमा सम्पन्न भईसकेको छ । यस निर्वाचनबाट लोकतन्त्रको आधारशीलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई सिंहदरवारको अधिकार गाउँ गाउँमा हस्तान्तरण गर्ने सरकारको प्रतिवद्धता निश्चित रुपमा स्वागतयोग्य छ । तर सो प्रतिवद्धता त्यतिबेला मात्र सार्थक हुन्छ जब स्थानीय तहलाई अधिकार सम्पन्न बलियो स्थानीय सरकारको रुपमा विकास गर्न सकिन्छ । स्थानीय सरकारलाई नागरिकको घरआँगनको सरकारको रुपमा स्थापित गर्न सबै तह र तप्काको उल्लेखनीय भूमिका रहनेछ भन्ने मैले विश्वास लिएको छु ।

संविधान कार्यान्वयन गर्ने क्रममा स्थानीय तहको पुर्नसंरचना ,तीनै तहको सरकारले गर्ने संविधानका अनुसूची बमोजिमको कार्य विस्तृतीकरण र केही नमूना कानूनहरु प्राप्त भएता पनि स्थानीय तह सञ्चालन सम्बन्धी पूर्ण ऐन कानूनहरु निर्माण नभईसकेकोले स्थानीय तहलाई सुचारु रुपले संचालन गर्न हामी जनप्रतिनिधीहरुलाई निकै असहज

भईरहेको छ । साथै स्थानीय तहमा कर्मचारी आपूर्तिमा भईरहेको ढिलाईले झन स्थानीय तहलाई हाम्रो सोच अनुरुप गति दिन नसकिरहेको विडम्बनापूर्ण अवस्था रहेको छ ।

**सभाध्यक्ष महोदय एवं सदस्यज्यू,**

यस वर्ष देखि संवैधानिक व्यवस्था अनुरुप जेठ १५ गते नै बजेट आएको  र स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन अनुसार असार मसान्त भित्रै बजेट तथा कार्यक्रम गाउँसभाबाट पारित गरिसक्नु पर्ने व्यवस्था भएता पनि यस वर्ष स्थानीय तहको निर्वाचनमा भएको ढिलाईका कारण चालु आ. व का बजेट तथा कार्यक्रम चालु आ.व मै ल्याउनु पर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । त्यसमाथी स्थानीय तहको कर राजस्व लगायत विषयमा अझैं स्पष्ट व्यवस्था हुन नसकेको अवस्था रहेकोले बजेट निर्माणमा अन्यौल रहेको हामी सबैले महसुस गरिरहेकै छौं । यस्तो परिस्थितीमा नेपालको संविधान,नेपाल सरकारले उपलब्ध गराएका नमूना कानुनहरु, स्थानीय तह शासन संचालन आदेश ,परिपत्र र कार्यविधीहरु साथै तत्कालीन स्थानीय निकायको आवधिक योजनाले तय गरेका प्राथमिकता क्षेत्रगत रणनिती,योजना तथा अध्ययन प्रतिवेदनहरु,आवधिक योजना , नेपाल सरकारले अंगीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन आदिका आधारमा गाउँपालिकाको बजेट तथा योजना तर्जुमा गरिनेछ ।

योजना तर्जुमा र प्राथमिकीकरण गर्दा देहाय बमोजिमका आधारहरुलाई लिईनेछ :

**योजना तर्जुमाका आधारहरुः-**

क) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

ख) नेपालको संविधान भाग ४ अर्न्तगतका राज्यका नीतिहरु, धारा ५९को आर्थिक अधिकार, भाग १९को आर्थिक कार्य प्रणाली,

ग) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन,

घ) नेपाल सरकारले अंगीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

ङ) स्थानीय तह शासन संचालन आदेश ,परिपत्र र कार्यविधीहरु साथै स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकता क्षेत्रगत रणनिती,योजना तथा अध्ययन प्रतिवेदनहरु,

च) विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास ,जलवायु परिवर्तन र विपद व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा ,लैंगिक सशक्तिकरण तथा समावेशी विकास ,बालमैत्री स्थानीय शासन,वातावरणमैत्री स्थानीय शासन,खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ,

छ) स्थानीय तहले आवश्यक देखेका अन्य विषय ।

**आयोजना कार्यक्रम प्राथमिकताका आधारहरु :**

क) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
ख) उत्पादनमूलक र छिटो प्रतिफल दिने योजनाहरु,

ग) राजस्व परिचालनमा योगदान पुर्याउने,
घ) सेवाप्रवाह ,संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
ङ) स्थानीय श्रोतसाधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ,
च) लैंगिक समानता , सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,
छ) दिगो विकास ,वातावरण संरक्षण र विपद व्यास्थापनमा योगदान पुर्याउने,
ज) समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशील(Resilience ) बनाउने,
झ) स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ,
ञ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**आयोजना तथा कार्यक्रम संचालनका अन्य नीति तथा कार्यनीतिहरुः**

**क) पूर्वाधाार विकासतर्फ :**

**१.सडक यातायात**

- हाम्रो राप्ती सोनारी गाउँपालिका भौगोलिक रुपले नेपालकै ठूलो मध्येको गाउँपालिका हो । यो प्राकृतिक स्रोतसाधनले भरिपूर्ण क्षेत्रका रुपमा चिनिएको छ । तथापि ठूलो संरचना,भौगोलक विकटता र बाटोघाटो (connectivity) को असुविधाका कारण यसको एक क्षेत्रबाट अर्को क्षेत्रमा पुग्न कठिनाई रहेको छ । यस्तो असुविधा समाप्त गर्न जीर्ण सडक,कल्भर्ट पुलपुलेसालाई मर्मत संभार गरिनेछ साथै चालु आ.व मा भौतिक निर्माण अन्तर्गत साना स्थानीय सडक ग्राभेल गर्ने एवं ग्राभेल सडक पीच गर्ने नीति लिईनेछ ।
- **"योजनावद्ध र बलियो पूर्वाधार : दिगो विकासको पहिलो आधार "** भन्ने नारालाई मूर्त रुप दिन रणनितिक महत्वका सडक र क्रमागत आयोजना आयोजनालाई उच्च प्राथमिकता दिईनेछ । प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।
- राप्ती पारी र किनाराका गाउँहरुमा सडक पूर्वाधार विकासलाई दिगो एवं भरपर्दो बनाउन उच्च प्राथमिकता दिदैं हुलाकी सडक निर्माण कार्यका लागी विशेष सहजीकरण गरिनेछ ।

**२.भौतिक विकास आवास तथा वस्ती**

- राप्ती नदि,झिझरी खोला, मुगुवा,मोरङ्गा लगायतका नदिको कटान नियन्त्रण गर्न गर्न साना तथा मझौला तटबन्ध लगायतका कार्यक्रमहरुलाई कार्यान्वयनमा लगिनेछ । ठूला प्रकोप व्यवस्थापन परियोजनालाई नेपाल सरकार वा अन्य दातृ निकायहरुसँगको सहकार्यमा निर्माण गर्ने नीति अंगीकार गरिनेछ ।
- नदि कटानबाट पिडित र बाढी पिडितलाई पुर्नवासका लागी जिल्ला दैबीप्रकोप उद्धार समितीसँग समन्वय गरी पुर्नवास गराउन पहल गरिनेछ ।
- दलित बादी समुदायका लागी संचालित जनता आवास कार्यक्रम अन्य बाढी पिडित तथा घरवार विहिन समुदायका लागी समेत विस्तार गर्नको निम्ती सम्बन्धित निकायमा पहल गरिनेछ ।

**३.विद्युत तथा वैकल्पिक उर्जा**

- साविकका खासकुश्मा , वैजापुर, फत्तेपुर गाविसहरुमा सामुदायिक विद्युततीकरणका माध्यमबाट विद्युतीकरण गर्ने कार्यलाई दिनका लागी आवश्यक समन्वय र पहल गरिनेछ ।

- विद्युत उपयोग न्यूनीकरण गर्न सार्वजनिक स्थानमा सोलार स्ट्रिट लाईट र घरायसी खपतका लागी लिड बल्ब को प्रयोगमा जोड दिईनेछ ।

### ४. सूचना संचार

- सुचनाको हक सम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागी  गाउँपालिका र सबै वडा कार्यालयमा सूचना अधिकारी तोकी सूचना प्रवाह गरिनेछ ।
- गाउँपालिका ,वडा कार्यालय र विषयगत शाखाबाट सम्पादित कृयाकलापहरु सामाजिक सञ्जालहरु र गाउँपालिकाको आफ्नै वेबसाईट निर्माण गरी नियमित रुपमा सार्वजनिक गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।
- सुचना संस्कृतिको विकासका लागी सूचना माग्ने र सूचना दिने पद्धतिलाई थप सहज र प्रभावकारी बनाईनेछ ।

## ख) आर्थिक विकास तर्फ :

### १.कृषि सिंचाई पशुपालन

- हाम्रो गाउँपालिका क्षेत्रका निम्ति कृषि र पर्यटन नै तुलनात्मक लाभका क्षेत्रको रुपमा देखिएकोले कृषि क्षेत्रको विकासका लागी सिचाईं ,मलखाद,बीउ बिजनको उपलब्धतामा सुधार गरिनेछ ।
- कृषि उपजको बिक्रीको लागी हाट वजारको क्रमश: विकास र विस्तार गरिनेछ,जसबाट आयात प्रतिस्थापन र  निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा राखिएको छ ।
- केही विशेष क्षेत्रहरु जैविक खेती प्रणालीको शुरुवात गर्दै अत्यधिक विषादी प्रयोगलाई निरुत्साहित गरिनेछ । साथै विशेष बाली उत्पादनका लागी  पकेट क्षेत्रहरुको  विस्तार गर्दै लगिनेछ  ।
- एक गाउँ एक उत्पादनको नीति अवलम्बन गरी स्थान विशेषको विशिष्ट उत्पादनमा जोड दिईनेछ । कृषियोग्य भूमिमा सिंचाई सेवा पुर्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रम, नश्ल सुधार (कृत्रिम गर्भाधान) कार्यक्रमलाई प्राथकिता दिईनेछ । आर्थिक सामाजिक हिसाबले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- कृषि श्रमिकको अप्रयाप्ततालाई सम्बोधन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषि क्षेत्रमा यान्त्रिकरण गरी  परम्परागत कृषिलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउँदै लैजाने प्रयत्न गरिनेछ ।

### २. पर्यटन विकास

- गाउँपालिका भित्र रहेका संभावित पर्यटकीय स्थानहरु साविक खासकुश्माका गाईलेख, बैजापुरको भुवरभवानी मन्दिर क्षेत्र,महादेवपुरीको ढकेरी ,कचनापुरको अघैया क्षेत्रका स्थानमा पर्यटकीय पूर्वाधार विस्तार गर्ने कार्यका लागी पर्यटन तथा संस्कृति मन्त्रालय र अन्य सरोकारवाला निकायको सहकार्यमा अघि बढाईनेछ ।
- साविक महादेवपुरी गाविसको नयाँ गाउँमा संचालित होम स्टेलाई थप व्यवस्थित बनाईनेछ । साथै समुदायको अग्रसरतामा संचालन हुने गरी थप होमस्टेहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

- स्थानीय थारु संस्कृति,मयुर नाच लगायतका कला संस्कृति एवं पर्व महोत्सव संरक्षण गर्न सहयोग पुर्याईने छ ।
- वडा नं ८को शमसेरगञ्ज क्षेत्रमा सार्वजनिक पार्क निर्माण चालु आ वदेखि सुरु गरिनेछ । साथै सबै वडाहरुमा एक सार्वजनिक पार्क निर्माण गर्ने कार्यलाई अघि बढाईनेछ ।

**३. उद्योग, व्यापार र सहकारी**

- सार्वजनिक निजी साझेदारी नीतिलाई लागू गर्न गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ । सार्वजनिक नीजि साझेदारी अन्तर्गत आर्थिक क्रियाकलाप वृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने नीति लिईएको छ ।
- गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मार्फत सीप विकासका कृयाकलापहरु सञ्चालन गरिनेछ ।
- सहकारीका माध्यमबाट गरिवी निवारण गर्ने उदेश्यका लागी **"समृद्धिको आधार सहकारी :हात हातमा सीप व्यक्ति व्यक्तिलाई रोजगारी"** अभियान मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**ग) सामाजिक विकास तर्फ** :

**१.युवा तथा खेलकुद**

- युवाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन युवा आत्मनिर्भरता कार्यक्रम संचलन गरिनेछ ।
- खेलकुद मार्फत युवाको क्षमता विकास गर्न सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा लक्षित खेलकुद पूर्वाधार निर्माण कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- बढ्दो बेरोजगारीलाई निरुत्साहित गर्न भेरी प्राविधिक शिक्षालय, घरेलु तथा साना उद्योग कार्यालय ,सीप विकास तालिम केन्द्र जस्ता संस्थाहरुको समन्वयमा विभिन्न सीपमूलक तालिम सञ्चालन गरी युवा स्वरोजगार कार्यक्रमलाई टेवा पुर्याईनेछ ।

**२.धर्म संस्कृति कला साहित्य**

- गाउँपालिका क्षेत्रभित्र रहेका सबै धार्मिक संस्थाहरुको संरक्षण तथा सम्हार गर्ने हेतुले मन्दिर ,मस्जिद ,गुम्बा तथा चर्च जस्ता धार्मिक संस्थाहरुको लगत तयार गरी तिनको संरक्षण संवर्द्धनका लागी पहल गरिनेछ ।
- यस क्षेत्रमा बसोबास गर्दै आएका थारु,कुमाल,राजी लगायतका जाति जनजातिको भाषा, कला,संस्कृति र साहित्यको संरक्षणका निम्ति विशेष कार्यक्रम संचालन गरिनेछ ।

**३.गैसस तथा सामाजिक परिचालन**

- गैससहरुको कृयाकलापहरुलाई प्रभवकारी रुपमा परिचालन तथा अनुगमन गरी एकद्वार पद्धतिमा ल्याउनका लागी चालु आवमा NGO Desk को स्थापना गरिनेछ ।

- समुदायको क्षमता अभिवृद्धि गरी ग्रामीण विकासमा टेवा पुर्याउन सामुदायिक संस्था, उपभोक्ता समिती पिछडीएका महिला,दलित, आदिवासी, मधेसी ,मुस्लिम र अपांगता भएका समुदायको रुपान्तरणका लागी सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गैसस र साझेदार संस्थाको कार्यक्रममा देखिएको जटिलता र दोहोरोपनालाई अन्त्य गर्न गाउँपालिकासँग पूर्वसहमति प्राप्त गरेपछि मात्र काम गर्न अनुमति दिने नीति लिईनेछ ।
- गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाले वैधानिक रुपमा दर्ता अनुमति लिएर मात्र कार्यक्रम संचालन गर्नुपर्ने नीति लिईनेछ । समान कार्य प्रकृति भएका गैससले दोहोरोपन हुने गरी एउटै वडामा काम गर्न निरुत्साहित गरिनेछ ।

**४.शिक्षा**

- गाउँपालिकाभित्रका सबै तहको शिक्षालाई समतामूलक बनाई सबैको पहुँच पुर्याउन सान्दर्भिक ,जीवनोपयोगी, सीपमूलक,व्यवसायिक र गुणस्तरीय शिक्षामा विशेष जोड दिईनेछ ।
- माध्यमिक विद्यालयसम्मको शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागी कार्ययोजना निर्माण गरी विद्यालयको प्रभावकारी अनुगमन मूल्यांकन गर्ने नीति लिईनेछ ।
- विद्यार्थी संख्या कम भएका तथा शिक्षाको गुणस्तर राम्रो नभएका विद्यालयलाई क्रमशः समायोजन गर्दै लगिने नीति अबलम्बन गरिनेछ ।मदरसा र गरुकुल शिक्षाको गुणस्तर सुधारका साथै औपचारिक शिक्षा पद्धतिमा ल्याउन सम्बन्धित निकायमा पहल गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई पूर्वाधार,जनशक्ति र प्रविधी उपलब्ध गराई प्राथमिक तहका कक्षामा अंग्रजी माध्यमबाट पठनपाठन गराउँदै संस्थागत विद्यालयसँगको दुरी कम गराउने प्रयत्न गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितीका पदाधिकारी ,शिक्षक,कर्मचारी एवं विद्यार्थीहरुका लागी आचारसंहिता तयार गरी लागु गराई शिक्षण संस्थाहरुलाई थप व्यवस्थित र मर्यादित बनाईने छ ।

**५. लक्षित वर्ग**

- महिला,बालबालिका ,आदिवासी जनजाति ,मधेसी,मुस्लिम ,अपांग, द्वन्द्व पिडित ,एकल महिला,लोपोन्मुख तथा विपन्न वर्गका लागी सञ्चालित सबै कार्यक्रमहरुलाई प्रभावकारी बनाउन लक्षित वर्गसँग सम्बन्धित समन्वय समितीहरुलाई थप क्रियाशील बनाईनेछ ।
- यस क्षेत्रमा बसोबास गर्दै आएका थारु,कुमाल,राजी लगायतका आदिबासी जनजाति र अन्य जातीय र भाषिक समूहहरुको सामाजिक ,सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्य अभिवृद्धि गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । आर्थिक रुपमा विपन्न ,लोपोन्मुख समुदाय र दलितलाई प्रत्यक्ष राहतका कार्यक्रम ल्याईनेछ ।
- स्थानीय स्तरमा सुरक्षित प्रसुति सेवा दिलाई मातृ तथा शिशु मृत्यूदर न्यूनिकरण गर्न सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत प्रसुति गृह संचालन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- बालबालिका देशका कर्णधार मात्रै हैन वर्तमानका साझेदार पनि हुन् । बाल बचाउ, बाल संरक्षण,बाल विकास र बाल सहभागिता भएमा मात्र राष्टिय प्राथमिकतामा परेको वालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यानवयन हुन सक्ने भएकाले चालु आवमा १ वटा वडा र आगामी आवमा ३ वडालाई बालमैत्री वडा घोषणा गर्ने गरी बजेट प्रशताव गरेको छु ,

- लक्षित वर्गका गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई प्रतिभा प्रोत्साहन छात्रवृत्ति प्रदान गरिने नीति लिईनेछ ।
- गाउँपालिका भित्र निर्माण हुने सबै सरकारी भवन संरचनाहरुलाई अपांगमैत्री बनाउने नेपाल सरकारको नीतिलाई अवम्वन गरी लागू गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुका लागी सार्वजनिक सवारी साधनमा विशेष छुट ,हस्पिटलमा निशुल्क उपचार र घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण जस्ता सुविधाको लागी अनुभुत हुन सक्ने गरी पहल गरिनेछ । साथै विगतमा गाविसहरुले संचालन गर्दै आएको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**६.स्वास्थ्य तथा सरसफाइ**

- असहाय असक्त व्यक्तिहरुका लागी
- गाउँपालिका भित्रका साविकका ६वटै गाविसहरु खुला दिसा मुक्त घोषणा भईसकेकाले पूर्ण सरसफाई गाउँपालिका घोषणाको कार्यक्रम सुरु गरिनेछ ।
- मातृस्वास्थ्य तथा बालस्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकासका साथै महिलास्वयंसेविकाको क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

**घ) संस्थागत विकास, सेवाप्रवाह र सुशासन तर्फः**

**१. क्षमता विकास :**

- नवगठित स्थानीय तहका नयाँ नीति नियम कानूनको बारेमा धेरै अस्पष्टताहरु रहेकाले पदाधिकारी तथा कर्मचारीहरुका निम्ति क्षमता विकास तालिम संचालन गरिनेछ ।
- वडा तथा विषयगत कार्यालयहरुलाई आधुनिक र सुविधासम्पन्न बनाउनकालागी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- चालु आवमा यस क्षेत्रका समस्या र सम्भावनाहरुलाई मिडियामा मार्फत उजागर गर्न,नागरिकको सूचनाको अधिकारलाई संबर्द्धन गर्न यस गाउँपालिका क्षेत्रका कम्तीमा १० जना युवाहरुलाई पत्रकारिता तालिम संचालन गरी व्यवसायिक पत्रकारका रुपमा विकास गर्न सहयोग गरिनेछ
- उत्कृष्ट काम गर्ने उपभोक्ता समिती,गैसस,निर्माण व्यवसायी,कृषक,सहकारी संस्था,पत्रकार लगायतलाई प्रोत्साहित गर्न सम्मान गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको योजनाबद्ध विकासका लागी यथाशीघ्र गाउँपालिकाको परिमार्जित आवधिक योजना बनाई लागु गरिनेछ ।
- सामाजिक द्वन्द्व न्यूनीकरण गर्न साविक गाविसहरुमा रहेका सामुदायिक मेलमिलाप केन्द्रहरुले उल्लेखनीय भूमिका निर्वाह गरेकाले सामाजिक मेलमिलाप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**२.विकास प्रशासन**

- वस्ती स्तरबाट माग भई आएका योजनाहरुलाई वडा समितीको सिफारिसमा गाउँ सभाबाट स्वीकृत गरी आ व २०७४/०७५ को वार्षिक योजनामा समावेश गर्ने नीती अवलम्वन गरिएको छ ।

- योजना तर्जुमा तथा कार्यान्वयन प्रकृयालाई प्रभावकारी बनाउनका लागी गाउँपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुका निम्ति प्रोत्साहन कार्यक्रम ल्याई उनीहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।
- योजना तर्जुमा तथा कार्यान्वयनको समयमा स्थानीय तहका कर्मचारीहरुको सरुवा नगरिने नीतिलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

**३. आन्तरिक स्रोत परिचालन**

**"हामीले तिरेको कर हाम्रै विकासका लागी"** भन्ने अवधारणालाई आत्मसात गर्दै करदाता शिक्षा कार्यक्रम संचालन गरिनुका साथै उत्कृष्ट करदातालाई वार्षिक रुपमा सम्मान गरिनेछ ।

- गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागी विस्तृत अध्ययन गरी राजस्वका दर र दायरामा समयानुकुल परिमार्जन गरि हरेक वर्ष कम्तीमा १० प्रतिशत राजस्व वृद्धि गर्ने नीतिलाई अंगीकार गरिनेछ । हाम्रो क्षेत्रबाट उत्खनन हुने प्राकृतिक स्रोतसाधनको राजस्व बाँडफाँड रोयल्टी प्राप्तिका लागी अधिकतम प्रयास गरिनेछ ।

**४.पारदर्शिता र जवाफदेहिता**

- सरोकारवाला उपभोक्ताहरुलाई आयोजना व्यवस्थापनमा संलग्न गराई आयोजना सम्पन्न गराउनुका साथै दिगो संरक्षण र उपयोगितामा जोड दिईनेछ ।
- विकास आयोजना तथा कार्यक्रमहरुमा तोकिएको गुणस्तर,लागत परिमाण र समयमा सम्पन्न गर्न योजनाहरुको कार्यान्वयन,अनुगमन तथा मूल्यांकन गर्ने संस्थाहरुको संस्थागत क्षमता विकासमा ध्यान दिईनेछ ।

**५. अनुगमन मूल्यांकन**

- यस गाउँपालिका भित्र संचालित आयोजना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउनका निम्ति आयोजना संचालन र सम्पन्न हुने अवस्थामा नागरिक समाज ,संचारकर्मी लगायतको संलग्नतामा कम्तीमा दुई पटक प्रभावकारी अनुगमन गर्ने नीति लिईनेछ ।
- वार्षिक बजेट,नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुको कार्यान्वयनको अनुगमनका निम्ति जनप्रतिनिधीहरुलाई जिम्मेवार बनाईनेछ ।

**ङ) वातावरण तथा विपदव्यवस्थापनतर्फः**

**१. भु संरक्षण तथा जलाधार व्यवस्थापन**

- यो गाउँपालिका क्षेत्र प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त जोखिमपूर्ण देखिएको र वर्षेनी बाढीको प्रकोपले ठुलो क्षति गर्दै आएकोले आवश्यक स्थानमा तटबन्ध गरी भू संरक्षण गर्न पहल गरिनेछ ।
- विपदको समयमा आपतकालीन राहत र उद्धारका काम गर्नका लागी **विपद व्यवस्थापन विशेष कोष** स्थापना गरिनेछ ।

- गाउँपालिका भित्रका सार्वजनिक पर्ति तथा ऐलानी जग्गाको एकिन तथ्यांक संकलन गरी अभिलेख राखिनेछ । साथै सार्वजनिक जग्गामाथीको बढ्दो अतिक्रमण रोकी उत्पादनशील कार्यमा लगाएर गाउँपालिकाको आम्दानीको स्रोतका रुपमा विकास गरिनेछ ।
- ताल तलैयाको संरक्षण गरी व्यवसायिक प्रयोजनमा लगाईनेछ । प्राकृतिक स्रोतसाधनको दोहन रोक्न जनप्रतिनिधिकै अग्रसरतामा स्थानीय समुदाय र सुरक्षाकर्मीलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- प्लास्टिकको अत्यधिक प्रयोगलाई निरुत्साहित गर्दै सार्वजनिक महत्वका पर्यटकीय क्षेत्रलाई प्लास्टिकमुक्त क्षेत्र घोषणा गर्ने कार्य गरिनेछ ।

**२. वातावरण र जलवायु परिवर्तन अनुकुलन**

- वातावरणमैत्री स्थानीय शासन पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ ।आयोजना छनौट गर्दा वातावरण मैत्री आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- वातावरणीय प्रभावको हिसाबले जोखिममा रहेका गाउँवस्तीहरुमा विभिन्न साझेदार निकायहरुको सहयोगमा जलवायु अनुकुलन सहयोग कार्यक्रम विस्तार गर्न पहल गरिनेछ ।
- वृक्षारोपण कार्यक्रमलाई  घर घरमा पुर्याउनुका साथै जडिबुटी र वनस्पितिको संबर्द्धन गर्न सरकारी ,समुदाय र नीजि क्षेत्रसँग साझेदारी गर्ने नीति लिईनेछ ।

**३. भू उपयोग तथा हरियाली व्यवस्थापन**

- उपयोग विहिन सार्वजनिक जग्गामा वातावरण संरक्षणका लागी तिव्रता दिईनेछ ।
- कृषियोग्य भूमिलाई जथाभावी प्लटिङ गरी घडेरी विस्तार गर्ने कार्यलाई निरुत्साहित गर्ने नीती लिईनेछ ।
- मानव वस्तीबाट कम्तीमा ३ कि.मी टाढा दुरी हुने गरी नयाँ उत्पादनमूलक उद्योग स्थापना गर्ने कार्यलाई उद्योगी व्यवसायीसँगको सहकार्यमा कार्यान्वियन गरिनेछ ।

**च) वित्तिय व्यवस्था तथा विधेयक तर्फः**

- वित्तिय अनुशासन, पारदर्शिता र जवाफदेहितालाई सशक्त बनाउन ,वित्तिय जोखिम न्यूनीकरण गर्न र सेवाप्रवाहलाई छिटो छरितो एवं पारदर्शी बनाउन नागरिक वडापत्रको व्यवस्था, आयोजना निर्माण स्थलमा सूचना पाटी,सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण,रेडियोबाट हाम्रा गतिविधी सम्प्रषेण लगायतका कार्यलाई निरन्तरता दिईनेछ ।
- साविक गाविसहरुमा रहेका पेश्की बेरुजुहरुमा उल्लेखनीय सुधार ल्याई आर्थिक उत्तरदायित्व र पारदर्शिता बढाउने नीतिलाई आत्मसात गरिनेछ ।
- समग्र गाउँपालिकाको योजनावद्ध विकासका लागी परिमार्जित पञ्चवर्षिय आवधिक योजना, आन्तरिक राजस्व प्रक्षेपण प्रतिवेदन, विपद् व्यवस्थापन सम्बन्धी रणनितिक योजना र शिक्षा ,स्वास्थ्य लगायतका विषयक्षेत्रगत नीतिहरु एवम् आवश्यक ऐन नियम कानूनहरु विज्ञहरुको संलग्नतामा निर्माण गरी लागु गरिनेछ ।

**नीति तथाकार्यक्रममा रहेका चुनौतीहरुः**

माथी उल्लेखित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आगामी दिनहरुमा देहाय बमोजिमका मुख्य चुनौतीहरु सामना गर्नुपर्ने देखिन्छ ।

- सिमित स्रोतका कारण सबै माग ,आवश्यकता र चाहनालाई उपलब्ध साधनस्रोतले सम्बोधन गर्न कठिन छ ।
- प्राकृतिक स्रोतसाधनको रोयल्टी सम्बन्धी प्रष्ट कानूनी व्यवस्था नआईसकेकोले राजस्वमा कमी आएको छ ।
- स्थानीय तहलाई स्थानीय सरकारको रुपमा विकास गरी विभिन्न विषयगत कार्यालयहरुको बजेट तथा कार्यक्रम र जनशक्ति परिचालनका सम्बन्धमा अझै प्रष्ट संरचनात्मक र संस्थागत व्यवस्था हुन सकेको छैन ।
- हेभी ईक्वीपमेन्टको प्रयोगका कारण वातावरणमैत्री योजना संचालनमा कठिनाई आउनुको साथै स्थानीय रोजगारी गुम्ने अवस्था छ ।
- सवै वडाहरुमा सडक ,संचार र विद्युत सेवा उपलब्ध गराउन अथक प्रयत्न गर्नुपर्ने देखिन्छ ।
- गैर सरकारी संस्थाहरुद्धारा संचालित कार्यक्रमलाई पारदर्शी,एकद्धार पद्धतिमा आधारित र विकेन्द्रित बनाउन सकिएको छैन ।
- समाजमा विद्यमान घरेलु हिंसा ,वालविवाह, बोक्सी प्रथा,दाईजो प्रथा, वालश्रम आदिको पूर्ण अन्त्य गर्न सकिएको छैन ।

**आदरणीय सभाध्क्षज्यू एवं सदस्यज्यूहरु,**

अव म विभिन्न विषयगत समिती , बजेट तथा कार्यक्रम समिती हुदै गाउँकार्यपालिकाबाट अनुमोदन भइ आएको यस गाउँपालिकाको **आ .व. ०७४/०७५ को लागी प्रस्तावीत एकीकृत आय व्यय बजेट** विषयगत विनियोजन सहित प्रश्तुत गर्न चाहन्छु ।

**क) आम्दानी (आय) तर्फः**

- **गाउँपालिका :**

गत आ.व.को मौज्दात - ७१,०३,०००/-
आन्तरिक तर्फको आम्दानी- ३४,१०,०००/-
राजस्व बाँडफाँडबाट प्राप्त रकम(आन्तरिक)- २,००,००,०००/-
जम्मा -३,०५,१३,०००/-

- **संघीय सरकार तर्फः**

वित्तिय समानीकरण अनुदान- ३९,६४,६४,०००/-

स:शर्त अनुदान- १४,६९,९०,०००/-

(शिक्षा,स्वास्थ्य,पशु,कृषि)-

सामाजिक सुरक्षा अनुदान- ६,००,००,०००/-

जम्मा :६०,३४,५४,०००/-

- **कुल आय : ६३,३९,६७,०००/-**

ख) <u>खर्च (व्यय) तर्फ:</u>

- **<u>वित्तिय समानीकरण तर्फ(गत आ.ब.को अ.ल्या.समेत)</u>**

  चालु खर्च - ४,८४,२८,०४०/-

  पूँजीगत खर्च- ३५,५१,३८,९६०/-

  **जम्मा: ४०,३५,६७,०००/-**

- **<u>नेपाल सरकारको स:शर्त अनुदान तर्फको खर्च-</u>** १४,६९,९०,००० /-

  (शिक्षा,स्वास्थ्य,पशु,कृषि)-

- **<u>सामाजिक सुरक्षा अनुदान- ६०००००००</u>** /-

**आन्तरिक तर्फको व्यय** -२,३४,१०,०००/-

- आन्तरिक श्रोत चालु ७०,२०,०००/-
- आन्तरिक श्रोत पुजीगत १,६३९०००० /-
  - **कुल व्यय : ६३,३९,६७,०००/-**

कुल चालु वजेट २६,२४,३८,०४०/-

कुल पुजीगत वजेट ३७,१५,२८,९६०/-

कुल बित्तिय ब्यबश्था ० /-

- **<u>विषयगत समितीको शिर्षक अनुसार विनियोजन :</u>**
  - **विषयगत कार्यालयबाट संचालन हुने कार्यक्रम -२,००,००,०००/-**
  - **समपुरक कोष- १,००,००,००० /-**
  - **आयोजना व्यवस्थापन- १,०६,५३,२७० /-**

  - आर्थिक विकास - ३,६२,२५,६९०/-
  - सामाजिक विकास- ६,१०,२१,८००/-
  - पूर्वाधार विकास- १७,१७,१८,२००/-
  - वातावरण तथा विपद व्यवस्थापन - ४,१६,२०,०००/-
  - संस्थागत विकास तथा सुशासन - २,०२,९०,०००/-

अन्तमा, गाउँ कार्यपालिकाको बैठकमा नियमित रुपमा उपस्थित भई बजेट तर्जुमा दिग्दर्शन, बजेट सिलिङ र नेपाल सरकारको मार्ग दर्शन अनुसार गाउँ विकास योजना तर्जुमा गर्न महत्वपूर्ण योगदान गर्नुहुने गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु,वडाध्यक्ष र सदस्य ज्यूहरु,अन्य सम्पूर्ण पदाधिकारी,गैह्र सरकारी संघ संस्थाहरु, राष्ट्रिय,अर्न्तराष्ट्रिय विकासका साझेदारहरु तथा गाउँपालिकाका कर्मचारी साथीहरु लगायत सम्पूर्ण राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु तथा राप्तीसोनारी गाउँपालिका वासी सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै विदा हुने अनुमति चाहन्छु ।

धन्यवाद ।

धनी कुमारी खत्री

उपाध्यक्ष, राप्ती सोनारी गाउँपालिका

प्रथम गाउँसभा

मिती २०७४/०४/२९